# उदयपुर सिमेन्ट उद्योग लिमिटेड

## आ.व.२०७४/०७५ को लागि सूचिकृत गर्ने सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७४।३।३० )

यस उद्योगको लागि आर्थिक बर्ष २०७४/०७५ मा आवश्यक पर्ने विभिन्न किसिमका सामान तथा विविध प्रकारको सेवाहरू आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धीत विषयको कारोवार (काम) गर्ने स्वीकृत प्राप्त गरेका ईच्छुक रजिष्टर्ड फर्म/कम्पनी तथा संघ/संस्थाहरुको सूची दर्ता गराउनु पर्ने भएकोले आफ्नो फर्मले आपूर्ति गर्नसक्ने सामानहरूको प्रति ईकाई मूल्य सूचि (Price List) सहितको विवरण खुलाई नोटरी पब्लिकबाट फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र (VAT) तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि प्रमाणित गराई सूची दर्ताको लागि आवेदनसाथ संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा उद्योगको प्रधान कार्यालय, जलजले, उदयपुरमा निवेदन दर्ता गराउन हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै E-mail बाट पठाइएको कागजातहरुको सक्कल प्रति अन्तिम मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ।

### आपूर्ति गर्नुपर्ने सामान तथा प्रवाह गर्नुपर्ने सेवाहरु:

| सि.नं. | काम र सेवाको विवरण | सि.नं. | काम र सेवाको विवरण |
|---|---|---|---|
| १ | मसलन्द, स्टेशनरी तथा छपाई सम्बन्धी सामानहरू आपूर्ति। | ११ | सुरक्षाकर्मी तथा ज्यामी आपूर्ति कार्य। |
| २ | इलेक्ट्रिक, इलेक्ट्रोनिक्स तथा रेफ्रिजेरेशन सम्बन्धी सामान आपूर्ति तथा मर्मत संभार कार्यहरू। (घरेलु तथा औधोगिक) | १२ | सिभिल निर्माण सम्बन्धी कार्य तथा मर्मत संभार कार्यहरू। |
| ३ | कम्प्यूटर,प्रिन्टर, फोटोकपी लगायत मेशिनरी औजार आपूर्ति तथा मर्मत कार्य। | १३ | सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धि कार्य। |
| ४ | सफ्टवेयर, हार्डवेयर, नेटवर्किङ्ग,ईन्टरनेट निर्माण तथा सेवा प्रदान। | १४ | सवारी साधन, हेभी ईक्यूपमेण्टस्का स्पेयर पार्टस एवं मर्मत संभार कार्य र कार्यालय उपकरणहरू। |
| ५ | कर्मचारी पोशाक आपूर्ति तथा सिलाई सम्बन्धी कार्य। | १५ | काठ, काठका सामान, स्टील फर्निचर, फ्लोरिङ्ग तथा फर्निसिङ्ग कार्यहरू। |
| ६ | डिजेल/पेट्रोल/ग्रिज/लुब्रिक्याण्टस तथा टायर ट्यूव आपूर्ति कार्य। | १६ | हार्डवेयर, निर्माण सामाग्री तथा स्टिल मेटेरियल्स सम्बन्धी कार्यहरू। |
| ७ | औधोगिक मेकानिकल पार्टस्, बेरिङ्ग, बुस, टुल्स आदि आपूर्ति कार्य | १७ | औषधि तथा जनस्वास्थ्य सम्बन्धी। |
| ८ | केमिकल तथा ग्लास वेयर कार्यहरू। | १८ | भण्डार,लेखा,मानव संशाधन, बीमा तथा अन्य प्राविधिक/प्रशासनिक परामर्श सेवा र आन्तरिक लेखा परिक्षण। |
| ९ | प्लम्विङ्ग अफिस सर-सफाई सम्बन्धी कार्यहरू। | १९ | चमेनागृह संचालन सम्बन्धी कार्य। |
| १० | मेशिनरी तथा रोप्वे स्पेयर पार्टस् एवं मर्मत संभार सम्बन्धी कार्य। | २० | विभिन्न प्लाण्ट/खानी मेशिनहरूको मर्मत संभार |

### अन्य जानकारीहरू :

१. आवेदक मध्येबाट ग्राह्य ठहरिएका व्यक्ति/फर्म/कम्पनीहरूलाई मात्र सूचीकृत गरिने छ। त्यसरी सूचीकरण गर्दा पेस हुन आएको विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधारमानी गरिने छ।
२. सूचीकृत भएका व्यक्ति/फर्म/कम्पनीहरूबाट उद्योगको आवश्यकताअनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलद्वारा भागलिन अनुरोध गरिने छ।
३. सूचीकृत भएका कम्पनी तथा फर्महरूले सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सूचीकरणबाट बिना सूचना हटाउन सकिने छ। यस उपर कुनै दाबी बिरोध गर्न पाइने छैन।
४. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस उद्योगको प्रधान कार्यालय, जलजले, उदयपुरमा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिने छ।
५. सूची दर्ताको मान्य अवधि २०७५ असार मसान्तसम्म रहने छ।
६. प्राप्त निवेदनहरू मध्ये कुनै वा सबै फर्मलाई सूचिकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार उद्योगमा नै निहित रहने छ।

### दरखास्तसाथ पेस गर्नुपर्ने कागजातहरू

१. नोटरी पब्लिकबाट प्रमाणित फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. VAT/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. आ.व.२०७२/०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. कुनै सामान वा सेवा बिक्री वितरण गर्न प्राप्त डिलरसीप वा एजेन्सीको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि,
५. हालसम्म कालोसूचीमा नपरेको स्वयम् घोषणपत्र,
६. कार्य अनुभव सम्बन्धी कागजातको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि,

**नोट**:- आफूले आपूर्ति गर्नसक्ने सामानहरूको सूची सूचिकृत निवेदनसाथ संलग्न गर्नुपर्नेछ।

**उदयपुर सिमेन्ट उद्योग लि.**
प्रधान कार्यालय, जलजले, उदयपुर
**E-mail : Procurement@ucil.org.np**
फोन नं. ०३५-४११०१२